## जनसहभागितामा आधारित सौर्य सडक वत्ती कार्यक्रम संचालन (पहिलो संसोधन) कार्यविधि–०७८

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७८ /०१ / २२**

**प्रस्तावना :**

सूर्योदय नगरपालिकाको जनसहभागितामा आधारित सौर्य सडक वत्ती कार्यक्रम संचालन कार्यविधि–०७४ लाई समयासापेक्ष संसोधन परिमार्जन गरी समय अनुकूल गतिशिल बनाउँदै घनावस्ती नभएका तर सुरक्षाको हिसावले संवेदनशील ऐतिहासिक क्षेत्र, पर्यटकीय क्षेत्रहरु साथै विधुत प्रसारण लाइनले नसमेटेका वस्तीहरु समेतमा सौर्य उर्जा विस्तार गरी उज्यालो प्रदेश घोषणा कार्यक्रमलाई समेत टेवा पुऱ्याउने उद्देश्यले सूर्योदय नगरकार्यपालिकाबाट जनसहभागितामा आधारित सौर्य सडक वत्ती कार्यक्रम संचालन (पहिलो संसोधन) कार्यविधि तर्जुमा गरी लागू गरिएको छ।

**(१)संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम जनसहभागितामा आधारित सौर्य सडक वत्ती कार्यक्रम संचालन (पहिलो संसोधन) कार्यविधि–०७८ रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागू हुनेछ।

**(२)यस कार्यविधिमा निम्नानुसार संसोधन गरिएको छ।**

१) मूल कार्यविधिको विभिन्न उल्लेखित दफाहरुको क्रमागत अंक मूलदफा र उपदफा नमिलेकोले पुनः परिमार्जन गर्ने।

२) मूल कार्यविधिको "सार्वजनिक निजी साझेदारीमा सौर्य वत्ती जडान" मा राखिएको विभिन्न व्यवस्थाहरु पछाडि "तर माथि विभिन्न दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि घनावस्ती नभएको साथै सुरक्षाको हिसावले संवेदनशील क्षेत्रहरु, पर्यटकीय क्षेत्रहरु, सार्वजनिक क्षेत्रहरु, ऐतिहासिक मठमन्दिर रहेको क्षेत्रहरुमा जनसहभागिता नभएपनि सोझै सौर्य वत्ती विस्तार गर्न कुनै वाधा पर्ने छैन" भन्ने व्यवस्था थप गर्ने।

३) विधुत प्रशारण लाइर्नल नसमेटेका वस्तीहरु साथै उक्त क्षेत्रहरुमा विधुत लाइन विस्तार गर्न अत्यन्तै खर्चिलो हुने स्थानहरुमा समेत सौर्य उर्जा विस्तार गर्न सक्नेछ।

**आज्ञाले**

**प्रकाशराज पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**